# उच्च अदालत पोखरा, बागलुङ इजलास

## बागलुङ

☎ ०६८-५२०२४५
Email: info.hcibaglung@supremecourt.gov.np
admin.hcibaglung@supremecourt.gov.np
website: www.supremecourt.gov.np/court/baglunghc

पत्र संख्या: ०७७/७८
चलानी नं.

**सूचना !** **सूचना !!** **सूचना !!!**

<u>२०७७।०५।२९ मा</u>

उपर्युक्त सम्बन्धमा हाल संक्रमणको रुपमा देशमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को कारण बागलुङ जिल्लामासमेत निषेधाज्ञा जारी भएको अवस्थामा यस अदालतबाट मिति २०७७।५।५ मा केही मुद्दा मामिलाको सुनुवाईमा संकुचन गरेको भए तापनि हाल यस जिल्लामासमेत निषेधाज्ञामा केही खुकुलो भएको सन्दर्भमा मुद्दाहरुको कामकारवाही र सुनुवाईमा पनि केही खुकुलो गर्नुपर्ने देखिएको हुँदा यस अदालतबाट अर्को सूचना जारी भएमा वा उक्त संक्रमण गम्भिर रुपमा फैलन गएको कारण यस जिल्लामासमेत निषेधाज्ञा जारी भएमा उक्त मिति २०७७।५।५ मा भएको निर्णयबमोजिम मात्र मुद्दाको काम कारवाही र सुनुवाई हुने गरी हाल देहाय बमोजिमको यस अदालतबाट मुद्दाहरुको कामकारवाही र सुनुवाई हुने मिति २०७७।५।२९ मा निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>देहाय:-</u>

१. सबै प्रकृतिका रिट निवेदन/पुनरावेदन/निवेदनको दर्ता,
२. मुद्दाका दुवै पक्ष उपस्थित भएमा जिम्मेवारी सरी आएका पुराना मुद्दाहरुको सुनुवाई,
३. नयाँ दर्ता हुने रिट निवेदनहरुको प्रारम्भिक सुनुवाई,
४. बन्दीप्रत्यक्षकरण निवेदनको सुनुवाई,
५. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदन/प्रतिवेदनको सुनुवाई,
६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम निवेदनहरु,
७. प्रत्यर्थी झिकाउने आदेश नभएका मुद्दाहरु,
८. तामेलीमा जान सक्ने रिट निवेदनहरु,
९. साधकको रोहमा पेश हुने सरकारवादी फौजदारी मुद्दाहरु,
१०. मिलापत्र हुन सक्ने र फिर्ता हुने मुद्दाहरु,
११. संक्रमण रोगसँग सम्बन्धित निवेदनहरु,